# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

Mathagadhi Rural Municipality
Office of the Rural Municipal Executive

झडेवा, पाल्पा
Jhadewa, Palpा
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal
Email: mathagadhimun@gmail.com
Website: www.mathagadhi.gov.np

च.नं.:( Despatch No.)
पत्र संख्या:(Ref No.)


गाउँपालिकाको कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

## गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी पेश गर्ने सम्बन्धी सूचना ।

सूचना नं. ०४ प्रकाशन मितिः २०८०/०६/१६

प्रस्तुत विषयमा माथागढी गाउँपालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, प्राकृतिक, आर्थिक, सामाजिक, एवं अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिस्पर्धात्मक विधिबाट प्राकृतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ गाउँपालिकाको लोगो निर्माण गर्न ईच्छुक व्यक्तिले तपसिलका शर्तहरु पालना गर्दै सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

*तपसिल*

क) लोगोमा समावेश हुनुपर्ने अनिवार्य तत्वहरुः गाउँपालिकाको नाम, नेपालको झण्डा, गाउँपालिकाको आदर्श वाक्य "हाम्रो माथागढी, हाम्रो शानः समृद्ध माथागढी, हाम्रो पहिचान" अनिवार्य समावेश हुनुपर्नेछ ।

ख) लोगोले गाउँपालिकाको पहिचान, भाव, विशेषता तथा विशिष्टता झल्किने हुनुपर्दछ ।

ग) कुनै जातीय विभेद र सम्प्रदायिकतालाई प्रश्रय हुने खालको सांकेतीकरण नभएको हुनुपर्नेछ ।

घ) राष्ट्रको सार्वभौमिकता, राष्ट्रिय एकता तथा भौगोलिक अखण्डतामा आँच आउने संकेत प्रयोग नभएको हुनुपर्नेछ ।

ङ) लोगोमा समावेश भएको संकेतहरुको संक्षिप्त व्याख्या गर्नु पर्नेछ ।

च) पेश भएको लोगो डिजाइनमा छनौट समितिबाट कुनै सुझाब आएमा परिमार्जित डिजाईन पेश गर्नुपर्नेछ ।

छ) लोगोको स्वीकृती तथा प्रयोग सम्बन्धी सर्वाअधिकार गाउँपालिकामा निहित रहनेछ।

ज) लोगो अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्दछ ।

झ) स्वीकृत हुने डिजाइनकर्तालाई पुरस्कार स्वरुप रु.२५०००/- (अक्षरुपी पच्चीस हजार मात्र कर सहित) र सम्मान पत्र प्रदान गरिनेछ ।

ञ) प्रस्तावित लोगोको डिजाईन तोकिएको म्यादभित्र कार्यालयमा आइ हार्डकपी वा ई-कपी मार्फत गाउँपालिकाको इमेल ठेगानामा पेश गर्नु पर्नेछ ।

ट) लोगो कम्तिमा ३०० डि.पि.आई. भएको जे.पि.इ.जी. फर्मेटमा हुनुपर्नेछ ।

ठ) लोगो पेश गर्दा डिजाइनकर्ताले अनिवार्य रुपमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्दछ ।

ड) लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नुपर्नेछ ।

..........................
राम प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत